नेपाल सरकार विभागीय मन्त्रीस्तरबाट स्वीकृत

निर्णय मिति: २०७०/७/२९

# व्यबसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०

## १.पृष्ठभूमि

भौगोलिक बनावट र हावापानी अनुसार ताजा तरकारीको उत्पादनमा बृद्धि गरी तरकारीको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने, तरकारीको खपत बढाई पोषण स्थितिमा सुधार गर्ने र आम्दानीमा बृद्धि गराई गरिवी न्यूनीकरण गर्ने उद्धेश्य पुर्तिको लागि कृषक समूह/कृषक सहकारीबाट प्रस्तावित प्रतिस्पर्धी व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रको स्किम छनौट गरी व्यवसायिक रुपमा बेमौसमी तरकारी उत्पादन गर्न यस कार्यक्रमलाई प्रस्ताव गरिएको छ । आ.ब. २०७०/७१ मा यस कार्यक्रमले १७ पहाडी जिल्लाहरुबाट प्रति जिल्ला ८ कृषक समूह/कृषक सहकारी (प्रति समुह तथा सहकारी बाट १०० रोपनी वा ५ हेक्टर) बाट प्रति जिल्ला ४० हेक्टरमा व्यवसायिक बेमौसमी तरकारी खेती बृद्धि भई जम्मा ६८० हेक्टरमा थप तरकारी खेती हुने अनुमान गरिएको छ । यस कार्यक्रमको लागि नेपाल सरकारको तर्फबाट पहाडी जिल्लाका प्रति कृषक समूह/कृषक सहकारीमा ५ हेक्टर क्षेत्रफलका लागि रु. १,२०,००० सम्मको अनुदान दिने र कृषक समूह/कृषक सहकारीको तर्फबाट कम्तीमा ५० प्रतिशत योगदान हुनु पर्ने छ ।

## २. परिभाषा

### यस निर्देशिकामा

२.१ व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम (Commercial Offseason Vegetable Production Pocket Program) भन्नाले कृषक समूह/कृषक सहकारीहरुलाई व्यवसायिक बेमौसमी तरकारी खेती गर्न लगाई रोजगारी तथा आम्दानीमा बृद्धिका साथै बेमौसमी तरकारी उत्पादनमा बृद्धि ल्याउन १७ पहाडी जिल्लाका प्रति कृषक समूह/कृषक सहकारीलाई बढीमा रु. एक लाख बीस हजार सम्मको अनुदान सहयोग र उक्त समूह/सहकारीबाट इष्टिमेटको ५०%को रकम नगद वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलव्ध गराई व्यवसायिक बेमौसमी तरकारी खेती गर्न आवश्यक पर्ने तरकारीको वीउ, स्प्रेयर, प्लाष्टिक क्रेट, प्लाष्टिक घर निर्माणका लागि प्लाष्टिक तथा अन्य सामग्री, थोपा सिचाई सेट, विषादी र ढुवानी भाडा समेत कार्यक्रम अन्तर्गत खर्च गर्न सक्ने गरी तयार गरिने व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम स्किमलाई जनाउँदछ ।

२.२ कृषक समूह/कृषक सहकारी भन्नाले मान्यता प्राप्त हुने गरी स्थापित कृषि सहकारी संस्था वा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत वा अन्य निकायहरुबाट कृषि विकासको लागि स्थापित कृषक समूहहरुलाई जनाउँदछ ।

## ३. क्षेत्र तथा कृषक समूह/कृषक सहकारी छनौटका आधारहरु

क्षेत्र तथा कृषक समूह/कृषक सहकारी छनौट गर्नुभन्दा अगाडी निम्न आधारहरुलाई ध्यान दिनुपर्नेछ ।

३.१ तरकारी खेती गरिने स्थलको भौगोलिक बनावट (दक्षिण/पश्चिम-दक्षिण/पूर्व-दक्षिण मोहडा भएको), हावापानी उपयुक्त हुने तरकारी बाली, सिचाई सुविधा, यातायात सुविधा भएको वा सडक बाटो सम्म ढुवानी गर्न नजिकको पैदल दुरीमा हुनुपर्नेछ ।

३.२ व्यवसायिक तरकारी खेतीको स्किम कृषक समूह/कृषक सहकारीबाट सञ्चालन गर्ने हुनुपर्दछ र कूल स्किम लागतको ५०% रकम/श्रमदान/जिन्सी वा तिनै थरीलाई सहयोगको रुपमा कृषक समूह/कृषक सहकारीले व्यहोर्नु पर्नेछ ।

३.३ दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका समूहहरुको हितलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

३.४ यथासम्भव जिल्ला कृषि विकास कार्यालयले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रका स्किमलाई छनौट गर्नुपर्नेछ ।

३.५ प्रतिकुल वातावरणीय असर न्यून पार्ने किसिमका स्किमहरुलाई प्रोत्साहित गर्नु पर्दछ ।

३.६ जिल्ला कृषि विकास कार्यालय तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट बेमौसमी तरकारी खेती प्रयोजनका लागि सहयोग नलिएको स्किम छनौट गर्नु पर्दछ ।

३.६ छनौट भएका स्किमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

## ४. कार्यक्रम संयोजक र निजको दायित्व

४.१ व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रमको लागि जिल्ला कृषि विकास कार्यालयका वागवानी विकास अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमुखले कुनै अधिकृतलाई संयोजक तोकी जिम्मेवारी सुम्पिनुपर्नेछ ।

४.२ संयोजकले जिल्लामा तरकारी खेतीमा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञ र कृषि सेवा केन्द्रको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।

४.३ प्रत्येक स्किम सम्वन्धी भए गरेका कार्यहरुको अभिलेख संयोजकले राख्नुपर्नेछ ।

## ५. कार्यक्रम सञ्चालन प्रकृया

५.१ **सूचना प्रवाहः** जिल्ला कृषि विकास कार्यालयले व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे आ-आफ्नो क्षेत्रमा कृषि सेवा केन्द्र र गा.वि.स. मार्फत अधिकतम सूचना प्रवाह गराउनु पर्नेछ ।

५.२ **निवेदनः** उपरोक्त कार्यक्रम अन्तरगत सञ्चालन हुने कुनै पनि व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयनको लागि कृषक समूह/कृषक सहकारीबाट स्कीम सहित निवेदन/दरखास्त कृषि सेवा केन्द्र वा जिल्ला कृषि विकास कार्यालयहरुमा पेश गर्नुपर्दछ । कृषि सेवा केन्द्रमा पेश हुन आएका कार्यक्रमहरु सेवा केन्द्रका प्राविधिकहरुले जिल्ला कृषि विकास कार्यालयमा सिफारिस साथ निवेदन फाराम दर्ता गराउनु पर्नेछ । यसरी माग पत्र फाराम दर्ता गराउँदा कृषक समूह/कृषक सहकारीको तर्फबाट रु.१०० का दरले राजश्व दाखिला गरी बैंक भौचर वा नगद पेश गर्नुपर्नेछ । यस्तो माग बारे सम्वन्धित गा.वि.स.लाई समेत जानकारी दिएको हुनु पर्नेछ ।

५.३ **दरखास्त/स्किमः** दरखास्तमा खेती गरिने बालीहरु, क्षेत्रफल, लाग्ने खर्च, अनुमानीत उत्पादन तथा आय व्ययको बिबरण सहित निवेदकले व्यहोर्ने लागत वा खर्च प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ । स्कीमलाई यथार्थपरक पार्न जिल्ला कृषि विकास कार्यालयले सहयोग गर्ने ।

५.४ **छनौट प्रक्रियाः** जिल्ला कृषि विकास कार्यालयले दफा ३ बमोजिम व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रमबारे माग भई आएका निवेदनहरुको प्रारम्भिक छनौट गरी जिल्ला कृषि बिकास समितिबाट पारित गराउनुपर्नेछ । यसरी पारित भएका कार्यक्रम (स्किम)हरुको लगत इष्टिमेट देहाय अनुसार गरिनेछ ।

क) रु.१,२०,००० सम्मको कार्यक्रमको रकम उपलब्ध गराउने स्किमको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ र आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ४१.१ (घ) मा व्यवस्था भए बमोजिम निवेदक र सम्वन्धित सेवा केन्द्र वा जिल्ला कृषि बिकास कार्यालयका प्राविधिकले संयुक्त रुपमा कार्यक्रमको लागत तयार गरी स्वीकृतिको लागि जिल्ला कृषि विकास समितिमा पेश गर्नुपर्नेछ । कार्यक्रम स्वीकृति पश्चात जि.कृ.वि.का.ले उक्त कार्यक्रमको लागि अनुदान रकम सोझै उपलब्ध गराउन सक्नेछ । यसरी अनुदान रकम उपलब्ध गराउंदा २ किस्तामा उपलव्ध गराइनेछ । पहिलो किस्ता जिल्ला कृषि विकास समितिबाट कार्यक्रम स्वीकृत भई जिल्ला कृषि विकास कार्यालयसंग सम्झौता भएपछि र दोश्रो किस्ता कार्यक्रम सम्पन्न भए पछि उपलव्ध गराइनेछ । यस्तो अनुदान रकम व्यवसायिक बेमौसमी तरकारी खेती गर्न आवश्यक पर्ने तरकारीको वीउ, स्प्रेयर, प्लाष्टिक क्रेट, प्लाष्टिक घर निर्माणका लागि प्लाष्टिक तथा अन्य सामग्री, थोपा सिचाई सेट, विषादी र ढुवानी भाडा समेतमा  खर्च गर्न सकिनेछ ।

५.५ **लागत इष्टिमेट** तयार गर्दा इष्टिमेट अंकको ५ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिनेछ जुन रकम लगत ईस्टिमेट तथा रिपोर्ट प्रतिबेदन तयारी आदिका लागि खर्च गर्न सकिनेछ ।

५.६ **कार्य सञ्चालनः** नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम जि.कृ.वि.का.ले अग्रसरता लिई सम्वन्धित कृषक समुह वा सहकारीहरुद्वारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम संचालन गर्न पेश भएको स्किम र सम्झौता अनुसार हुनुपर्ने छ ।

५.७ **कार्य सम्पन्न प्रतिवेदनः** स्किम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भई आएको अवस्थामा तपसील बमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।

५.७.१. कृषक समूह/कृषक सहकारीबाट प्राप्त कार्य सम्पन्न प्रतिवेदन बारे कृषक समूह/कृषक सहकारी सदस्य तथा सम्वन्धित कृषि सेवा केन्द्र/जिल्ला कृषि विकास कार्यालयबाट स्थलगत निरिक्षण गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम सोझै उपलव्ध गराइने छ ।

५.७.२. कृषक समूह/कृषक सहकारीबाट कार्यक्रम सम्पन्न भएपछि विल तयार गरी दोश्रो किस्ताको भुक्तानीका लागि पेश गर्न पर्नेछ, तर दोश्रो किस्ताको रकम प्राप्त गर्नकालागि प्रथम किस्ताको रकम फरफार भएको हुनु पर्ने छ ।

५.८ **कार्यक्रमको प्रगति प्रतिवेदन तथा सम्पन्न प्रतिवेदनः** कार्यक्रम संचालन गर्ने कृषक समूह/कृषक सहकारीले स्किम अनुसारको कार्यक्रम संचालनको प्रगति चौमासिकरुपमा सम्वन्धित कृषि सेवा केन्द्र मार्फत जिल्ला कृषि विकास कार्यालयलाई र सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयलाई पेश गर्नुपर्नेछ । सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयले जिल्लाबाट प्राप्त प्रगती कम्पाइल गरी चौमसिकरुपमा तरकारी विकास निर्देशनालयलाई उपलव्ध गराउनु पर्नेछ ।

कार्यक्रम सम्पन्न प्रतिवेदनको हकमा व्यवसायिक तरकारी उत्पादन कार्यक्रमबाट भएको ताजा तरकारीको उत्पादन, रोजगार श्रृजना, बजार व्यवस्थापन तथा त्यसबाट प्राप्त आम्दानीको विवरण स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ ।

५.९ **अनुगमन/सुपरिवेक्षण:** व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्वन्धित कृषि सेवा केन्द्र,   जिल्ला कृषि विकास कार्यालयको अतिरिक्त सम्वन्धित जिल्ला कृषि विकास समिति, सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालय र तरकारी विकास निर्देशनालय तथा अन्य केन्द्रिय कार्यालय हरुबाट गरिनेछ ।

**५.१० आ.व २०६८/६९.देखि संचालित व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रममा सेवा-टेवा**

कृषक समूहहरुको माग प्रस्तावका आधारमा जिल्ला कृषि विकास कायाृलयले प्रस्ताब हेरी प्रति समुह बढिमा रकम रु. २२०००। ( ५० प्रतिशत अनुदानमा बीउ/बिषादि खरिद गर्न) सम्म सुरुमै उपलव्ध गराउनेछ । सो को बील भर्पाई तथा प्रतिवेदन पेश गरि फरफार भएको हुनु पर्ने छ । दफा ५.१० अनुसारको अनुदान जि.कृ.वि.का.ले सोझै दिन सक्ने छ । कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन । दफा ५.९ अनुसार हुने छ ।

**कृषक समूह तथा सहकारीहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारबाही गरिने छ ।**

# अनुसुची - १

## प्रश्नावली

१. तपाइँको मुख्य पेशा के हो ?

☐ कृषि ☐ व्यवसाय ☐ जागिर ☐ बेरोजगार

२. यो भन्दा पहिला तरकारी खेती गर्नु भएको छ ?

☐ छ ☐ छैन

३. गर्नु भएको भए कुन तरकारी ,कती समय देखि र कति क्षेत्रफलमा गर्नुभएको छ/थियो ?

क. तरकारीहरु :

ख. समय :

ग. क्षेत्रफल :

४. बर्षको कति सिजन खेती गर्नुहुन्छ ?

☐ १ सिजन ☐ २ सिजन

५. आफ्नै जग्गामा खेती गर्नुहुन्छ कि भाडाको जग्गामा ?

☐ आफ्नै जग्गामा ☐ भाडाको जग्गामा

६. खेती गरिने ठाँउमा सिंचाईको श्रोत के छ ?

७. उत्पादन थलो बाट बजार/विक्रि स्थलको दुरी कति छ ?

८. तरकारी उत्पादन कार्यक्रमका निम्ति अरु संघ-संस्थाबाट सहयोग लिनुभएको छ ?

☐ छ ☐ छैन

९. तपाइँ विदेश जानु भएको छ ?

☐ छ ☐ छैन

१०. विदेश जानु भएको भए कुन देशमा, कति वर्ष काम गर्नुभयो ?

११. विदेशमा रहँदा तपाइँको पेशा के थियो ?

☐ कृषि सम्बन्धि ☐ अन्य

१२. तपाइँको यस कार्यक्रम प्रतिको धारणा के छ ?

**अनुसुची - २**

**निवेदन**

श्रीमान प्रमुखज्यू,

जिल्ला कृषि विकास कार्यालय,

...............................

**विषय : प्रस्ताव पेश गरेको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा मिति ...................... को एफ.एम./पत्रीका ................ मा प्रकासित सुचना अनुसार मैले/हामीले व्यवसायीक तरकारी उत्पादन गर्ने योजना बनाएको छु/छौं । उक्त योजना कार्यान्वयनको लागि आवश्यक स्किम/प्रस्ताव यसै निवेदन साथ संलग्न गरी यूवा लक्षित व्यवसायीक तरकारी उत्पादन कार्यक्रम संचालन कार्यविधि - २०७० अनुसार आवश्यक कारवाहीको लागि अनुरोध गर्दछु/छौं ।

निवेदक

आवश्यक कागज-पत्रहरु

१. नागरीकता प्रमाणपत्रको प्रतिलिपी

२. जग्गाको लालपुर्जाको प्रतिलिपी/भाडामा भए संझौताको प्रतिलिपी

३. गा.वि.स. र संबन्धित कृषि सेवा केन्द्रको सिफारीस (विदेशबाट फर्केको/बेरोजगार खुलाउने)

## अनुसुची - ३

## स्कीम/प्रस्ताव

१. यूवा कृषकको नाम :

२. ठेगाना :जिल्ला : गा.वि.स/न.पा. : वडा नं. :

३. उद्देश्य :

४. यूवा कृषकको योजना अनुरुपको तरकारी बालीहरुको अनुमानित क्षेत्रफल तथा उत्पादन

| क.सं. | तरकारी बाली | लगाउने समय | क्षेत्रफल | उत्पादन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. यूवा कृषकको योजना अनुरुपको अनुमानीत खर्च

| क्र.सं. | उत्पादन सामाग्री | परिमाण/इकाई | दर | जम्मा लागत (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी वीउ<br>१<br>२<br>३<br>४<br>५<br>६ | | | | |
| २ | विषादी | | | | |
| ३ | मल | | | | |
| ४ | स्प्रेयर | | | | |
| ५ | केट | | | | |
| ६ | प्लास्टिक | | | | |
| ७ | सिंचाई गर्ने पम्प | | | | |
| ८ | ढुवानी खर्च | | | | |
| ९ | सिंचाई गर्ने पाइप | | | | |
| १० | अन्य भए खुलाउने | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कन्टिनजेन्सी | | | | |
| कुल जम्मा | | | | | |

कूल अनुमानीत लागत : रु. ............................

जि.कृ.वि.का.संग माग गरिएको रकम : रु. .......................... (..........%)

यूवा कृषकबाट हुने लगानी रकम : रु. .......................... (..........%)

६. यूवा कृषकको  योजना अनुरुपको अनुमानीत उत्पादन तथा आम्दानी

| क.सं. | तरकारी बाली | उत्पादन | बिक्रि मूल्य/इकाई | आम्दानी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

## अनुसुची - ४

## प्रगति प्रतिवेदन (छनौट भएका यूवा कृषकले भर्ने)

१. यूवा कृषकको नाम :

२. ठेगाना :जिल्ला : गा.वि.स/न.पा. : वडा नं. :

३. तरकारी उत्पादनमा लागेको यथार्थ खर्च :

| क.सं. | उत्पादन सामाग्री | परिमाण/इकाई | दर | जम्मा लागत (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी वीउ<br>१<br>२<br>३<br>४<br>५<br>६ | | | | |
| २ | विषादी | | | | |
| ३ | मल | | | | |
| ४ | स्प्रेयर | | | | |
| ५ | केट | | | | |
| ६ | प्लास्टिक | | | | |
| ७ | सिंचाई गर्ने पम्प | | | | |
| ८ | ढुवानी खर्च | | | | |
| ९ | सिंचाई गर्ने पाइप | | | | |
| १० | अन्य भए खुलाउने | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कन्टिनजेन्सी | | | | |
| | | कुल जम्मा | | | |

४. जि.कृ.वि.का मार्फत लिएको अनुदान रकम : रु. .......................

५. प्रगति स्थिती :

| क.सं | तरकारी बाली | जात | क्षेत्रफल | | उत्पादन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| **कुल जम्मा** | | | | | | | |

६. व्यवसायिक तरकारी उत्पादनबाट भएको यथार्थ आम्दानी :

| क्र.सं. | तरकारी बाली | विक्रि परिमाण | | बिक्रि मूल्य प्रति इकाई | जम्मा आम्दानी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | | लक्ष्य | प्रगति | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| **कुल जम्मा** | | | | | | | |

७. लगानी/आम्दानीको अनुपातः

८. कार्यक्रम कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरुः

क.

ख.

ग.

९. समस्या समाधानको लागि सुझावः

क.

ख.

ग.

## अनुसुची - ५

## अनुगमन निरिक्षण

| क.सं. | मिति | अनुगमन/ निरिक्षण कर्ता | बाली तथा कार्यक्रमको अवस्था | अनुगमनको क्रममा देखिएका समस्या | समस्या समाधानका लागि दिईएको सुझाव | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |